# भाग ४

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४४।६।११ को निर्णयानुसार नेपाल प्रशासन सेवा (परराष्ट्र) राजपत्राङ्कित द्वितीय श्रेणी (उपसचिवस्तर) का देहायबमोजिमका अधिकृतहरूलाई सोही सेवा र समूहको राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) को पदमा मिति २०४४।५।४ देखि लागू हुने गरी बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र.सं. | नाम र थर | हालको पद र कार्यालय | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री मोहनबहादुर पाण्डे | उपसचिव, परराष्ट्र मन्त्रालय । | सह-सचिवस्तर, परराष्ट्र मन्त्रालय अन्तर्गत । |
| २. | श्री कुमारप्रसाद ज्ञवाली | उपसचिव, परराष्ट्र मन्त्रालय । | सह-सचिवस्तर, परराष्ट्र मन्त्रालय अन्तर्गत । |

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

### सूचना २

श्री ५ को सरकारले मिति २०४४।५।१९ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री ज्ञानबहादुर शाक्यलाई नि.से.नि., २०२१ को नियम ७.२ (१) बमोजिम मिति २०४४।५।२६ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४४।६।६ को निर्णयानुसार क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमाञ्चलका सहायक निर्देशक (नेपाल प्रशासन सेवा, रा.प. द्वितीय श्रेणी, सहायक सचिवस्तर), श्री हर्कमान प्रधानलाई नि.से.नि., २०२१ को नियम ७.२ (१) बमोजिम मिति २०४४।४।१२ देखि लागू हुने गरी स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६